मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

वर्ष ४ • अंक २५७ • २०८३ साल भाद्र ०७ गते आइतबार • Sunday 23, August 2026 • सूर्योदय: बिहान ०५:३७ बजे • सूर्यास्त: साँझ ०६:३५ बजे • पृष्ठ ४ • मूल्य रु. ५/-

## समिरलाई कार्यवाहक मुख्यमन्त्रीको जिम्मेवारी

**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादव नेपालबाहिर जाने भएपछि भौतिक पूर्वाधार विकासमन्त्री मो. समिरलाई कार्यवाहक मुख्यमन्त्रीको जिम्मेवारी दिइएको छ। मुख्यमन्त्री यादवले धार्मिक प्रयोजनका लागि नेपालबाहिर जानुपर्ने भएकाले आफू स्वदेश नफर्किएसम्मका लागि मन्त्री समिरलाई कार्यवाहक मुख्यमन्त्रीको जिम्मेवारी तोकेका हुन् । मुख्यमन्त्री यादवले मधेश प्रदेश सरकार (कार्यसम्पादन) नियमावली, २०८० को नियम १४ को उपनियम (३) बमोजिम समिरलाई कार्यवाहक मुख्यमन्त्री तोकेको पत्रमा उल्लेख गरेका छन्। मुख्यमन्त्री यादवले भदौ ६ गतेदेखि आफू स्वदेश नफर्किएसम्म समिरले कार्यवाहक मुख्यमन्त्रीका रूपमा प्रदेश सरकारको नेतृत्व गर्नेछन् । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले समिरलाई कार्यवाहक मुख्यमन्त्रीको जिम्मेवारी तोकिएको जानकारी प्रदेश प्रमुखको कार्यालयलाई समेत गराएको छ। समिरलाई कार्यवाहक मुख्यमन्त्रीको जिम्मेवारी दिइएसँगै मुख्यमन्त्री यादवको अनुपस्थितिमा प्रदेश सरकारका नियमित प्रशासनिक तथा कार्यकारी कामकारबाही अघि बढाउने जिम्मेवारी उनको काँधमा आएको छ।

# गरिमाका आमा–बुवा काठमाडौं, अब प्रधानमन्त्री–गृहमन्त्रीसँग ‘निर्णायक वार्ता’





**मधेशदृष्टि**
**कलैया।**
बाराको सिमरामा हत्या गरिएकी तीन वर्षीया बालिका गरिमा चौधरीका आमा–बुवालाई काठमाडौं लगिएको छ। गृहमन्त्री सुधन गुरुङसँग वार्ता गर्नका लागि उनलाई काठमाडौं लगिएको जानकारी गराइएको छ । शनिबार अपराह्न सिमरा विमानस्थलबाट गरिमाका बुवा मनोज चौधरी र आमा मानमती चौधरीलाई स्थानीय अभियन्ताको साथमा काठमाडौं पठाइएको हो। गरिमाका आमा–बुवालाई आन्दोलनरत स्थानबाट इलाका प्रहरी कार्यालय सिमराका प्रहरी नायब उपरीक्षक दयाकृष्ण भट्टले प्रहरीकै गाडीमा एयरपोर्टमा बोर्डिङ पास गराएका थिए।

उनीहरूको साथमा स्थानीय अभियन्ता कपिल खरेल, सम्राट उपाध्याय, नवराज कार्की लगायत ७ जनाको टोली वार्ताका लागि काठमाडौं लागेको हो। काठमाडौ जानुअघि मृतकका बुवा मनोज चौधरीले स्थानीयबासीलाई आफ्नो छोरीको न्यायको लागि आन्दोलन जारी राखिदिन आग्रह गरेका थिए । प्रहरी र केही अभियन्ताले वार्ताका लागि काठमाडौं लैजाने योजना गोप्य रूपमा बनाएको भन्दै स्थानीयले सिमरा विमानस्थल अगाडि पनि प्रहरी विरुद्ध नाराबाजी गरेका छन् ।

यस अघि गरिमा चौधरीकी आमा–बाबुले आज जिल्ला प्रहरी कार्यालय बारामा किटानी जाहेरी दर्ता गराएको छ । प्रहरीले पक्राउ गरेर सार्वजनिक गरिएका दुइ जना र अन्य थप केही शंकास्पद व्यक्तिहरूको नाममा समेत जाहेरी दर्ता भएको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ । अनुसन्धान चलिरहेकोले केही नाम गौप्य राखिएको छ । घटनाको गहन अध्यायन तथा छानविन गरि दोषि माथि कारवाई गर्न जाहेरीमा माग दावी गरिएको छ।

गरिमाको लागि न्याय माग्दै जारी आन्दोलनका कारण वीरगंज–पथलैया सडकखण्ड शनिबार पनि ठप्प रहेको छ। पीडित पक्षले पथलैया चोकनजिकै मुख्य राजमार्गमा टेन्ट टाँगेर धर्ना दिएपछि सडक पुनः अवरुद्ध भएको हो। सडक बन्द भएपछि वीरगंज–काठमाडौं तथा काठमाडौं–वीरगंज चल्ने सवारीसाधनहरू वीरगंज–कलैया हुँदै पिलुवा निस्केर पूर्व–पश्चिम राजमार्गमार्फत आवतजावत गरिरहेका थिए । उक्त सडक खण्डको कलैया र पिलुवाको विचमा पर्ने सखुयीमा शनिबार दिउँसोदेखि स्थानीयले नाराबाजी गर्दै सडक अवरुद्ध गरेका छन्।

गरिमाको आत्माले न्यय नपाएसम्म सडक अवरुद्ध रहेने सखुइ बासीको अडान छ। बालिका गरिमाको निर्मल हत्या विरुद्ध आन्दोलन चारै तर्फ फैलिरहेको छ । आन्दोलनकारीले प्रधानमन्त्री, गृहमन्त्री वा कानुनमन्त्रीमध्ये कम्तीमा एकजना घटनास्थलमा उपस्थित भएर घटनाको गहिरो छानबिन तथा बालबालिकाको सुरक्षाका लागि कडा कानुन निर्माणको प्रतिबद्धता जनाउनुपर्ने मागसमेत अघि सारेका छन्। घटना भएको एक साता बितिसक्दा पनि संघीय सरकारका जिम्मेवार मन्त्रीहरू घटनास्थलमा नआएको भन्दै स्थानीयवासी तथा अधिकारकर्मीहरूले सरकारप्रति असन्तुष्टि व्यक्त गरेका छन्।

यसैविच घटनामा दोषीलाई कारबाहीको माग गर्दै वीरगंजमा युवती तथा युवाहरूले प्रदर्शन गरेका छन्। शनिबार प्रचण्ड गर्मीकाबीच वीरगंजको घण्टाघर क्षेत्रमा भेला भएका युवतीहरूले हातमा छाता ओढेर गरिमाका लागि न्याय माग्दै प्रदर्शन गरेका हुन् । प्रदर्शनकारीहरूले घटनामा संलग्न दोषीलाई तत्काल पक्राउ गरी कडा कानुनी कारबाही गर्नुपर्ने माग गरेका छन्।

प्रदर्शनका क्रममा युवाहरूले घण्टाघर क्षेत्रमा टायर बालेर विरोध जनाएका थिए। उनीहरूले बालिकाको हत्या जस्तो गम्भीर घटनामा संलग्नलाई कुनै पनि बहानामा उन्मुक्ति दिन नहुने भन्दै निष्पक्ष अनुसन्धान र शीघ्र न्यायको माग गरेका छन् । प्रदर्शनकारीहरूले बालिका तथा महिलामाथि हुने हिंसा नियन्त्रण गर्न राज्यले प्रभावकारी कदम चाल्नुपर्ने बताएका छन् । उनीहरूले पीडित परिवारलाई न्यायको अनुभूति हुने गरी घटनाको छानबिन गरी दोषीलाई कानुनी दायरामा ल्याउन सरकारसँग माग गरेका छन्। गरिमा कुमारी चौधरीको बलात्कारपछि हत्या भएको घटनापछि दोषीलाई कारबाहीको माग गर्दै विभिन्न स्थानमा विरोध तथा दबाबका कार्यक्रम हुँदै आएका छन्।

उता वीरगंजको ड्राइपोर्टमा पनि प्रदर्शन गरिएको छ । बालिका गरिमा चौधरीलाई न्याय दिनुपर्ने माग गर्दै वीरगंजको ड्राइपोर्ट सडक पनि अवरुद्ध पारिएको हो। यस घटनालाई लिएर अहिले चौतर्फी दबाब बढि रहेको छ।

यसैगरी बाराको बरियारपुर चोकमा युवाहरूले प्रदर्शन गरेका छन् । प्रदर्शनमा सहभागी युवाहरूले घटनाको निष्पक्ष अनुसन्धान गरी दोषीमाथि कडा कानुनी कारबाही गर्न माग गरेका छन् । उनीहरूले ‘बलात्कारीलाई फाँसी दे’, ‘गरिमालाई न्याय दे’ लगायतका नारासहित प्रदर्शन गर्दै पीडित परिवारलाई न्यायको सुनिश्चितता गर्न सरकारसँग माग गरेका छन् । गरिमा चौधरीको घटनापछि बाराका विभिन्न स्थानमा समेत विरोध प्रदर्शन हुँदै आएको छ । स्थानीय तथा प्रदर्शनकारीहरूले बालबालिका र महिलामाथि हुने हिंसा रोक्न प्रभावकारी कदम चाल्न र यस्ता जघन्य अपराधमा संलग्नलाई कडा कानुनी कारबाही गर्न माग गर्दै आएका छन्।

यसैगरी गरिमा चौधरीलाई न्यायको माग गर्दै पोखरामा पनि प्रदर्शन भएको छ। शनिबार चौधरीलाई न्याय माग्दै युवा युवतीहरूले प्रदर्शन गरेका हुन्। उनीहरूले विभिन्न नारा लेखिएका प्लेकार्डसहित मानवअधिकार चोकमा प्रदर्शन गरेका छन्। त्यसैगरी बलात्कारपछि हत्या गरिएकी बाराकी तीन वर्षीया बालिका गरिमा चौधरीलाई न्यायको माग गर्दै शनिबार काठमाडौँको शान्तिवाटिकामा पनि प्रदर्शन गरिएको छ । प्रदर्शनमा सहभागीहरूले गरिमा चौधरीको हत्यामा संलग्न दोषीलाई कडा कानुनी कारबाही गर्न तथा पीडित परिवारलाई न्याय सुनिश्चित गर्ने माग गरेका थिए।

उनीहरूले बालबालिकामाथि हुने यस्ता जघन्य अपराध नियन्त्रणका लागि राज्यले प्रभावकारी कदम चाल्नुपर्नेमा जोड दिएका थिए। प्रदर्शनकारीहरूले घटनाको निष्पक्ष र प्रभावकारी अनुसन्धान गरी दोषीलाई कुनै पनि हालतमा उन्मुक्ति दिन नहुने बताएका छन्। हामीलाई भर्खरै प्राप्त खबर अनुसार मृतक बालिका गरिमा चौधरीकी आमा बाबु प्रहरीमा मुद्दा दर्ता पछि आज अपरान्ह काठमण्डौ प्रस्थान गरेका छन् । काठमण्डौ पुगेर गृहमन्त्री, प्रधानमन्त्रीसंग निर्णायक वार्ता गर्ने र बार्ता सफल नभए काठमण्डौ मै आन्दोलन थाल्ने उनीहरूले घोषणा गरेका छन्।

# अतिक्रमित जग्गामा चलाइयो डोजर



**मधेशदृष्टि**
**जनकपुरधाम।**
जनकपुरधाममा वर्षौंदेखि अतिक्रमणमा परेको गुठीको जग्गा खाली गराउने अभियान सुरु भएको छ । गुठी संस्थान जनकपुरधामले शनिबारदेखि पोखरीका अतिक्रमित डिल खाली गराउन डोजर परिचालन गरेको हो । अभियानअन्तर्गत पहिलो चरणमा जनकपुरधाम उपमहानगरपालिका क्षेत्रमा रहेका सातवटा ऐतिहासिक पोखरीका अतिक्रमित डिल खाली गराउन थालिएको छ । शनिबार बिहान गिरनारी कुट्टी नजिक रहेको गोरधोइ पोखरीको अतिक्रमित डिलबाट अतिक्रमण हटाउने काम सुरु गरिएको हो । धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलका अनुसार पहिलो चरणमा अतिक्रमण हटाउन लागिएका सात पोखरीका डिलमा ६५ वटा घर तथा टहरा रहेका छन् । ती सबै संरचना हटाइने उनले बताए।

‘असार अन्तिम साता नापनक्सा भएको थियो । त्यसपछि मार्किङ गरेर सबै धनीलाई जानकारी दियौँ,’ उनले भने, ‘साउन १ गते सूचना जारी भयो । अहिले खाली गराइँदै छ । सात पोखरीमा ६५ वटा घरटहरा रहेको छ। सबै भत्किन्छ।’ गुठी संस्थानले अतिक्रमित जग्गा खाली गर्न यसअघि नै सार्वजनिक सूचना जारी गरेको थियो । साउन १ गते सूचना प्रकाशित गरेपछि शुक्रबार जनकपुरधाम नगर क्षेत्रमा माइकिङ गरी अतिक्रमित जग्गा स्वेच्छाले खाली गर्न अन्तिम जानकारीसमेत गराइएको थियो। पटक–पटक सूचना दिँदा पनि संरचना नहटाइएपछि शनिबारदेखि डोजर प्रयोग गरी अतिक्रमण हटाउन थालिएको गुठी संस्थानले जनाएको छ । गुठी संस्थानका प्रवक्ता जनक पोखरेलका अनुसार जनकपुरधामका अतिक्रमणमा परेका ४९ वटा पोखरीलाई क्रमशः अतिक्रमणमुक्त बनाउने लक्ष्य राखिएको छ । पहिलो चरणमा सातवटा पोखरीको डिल खाली गराउन थालिएको हो।

पहिलो चरणमा गोरधोइ पोखरीपछि विषहरा पोखरी, रतनसागर, दशरथ तलाउ, अरगजासर, मुरलीसर र दिर्घीकासर पोखरीका अतिक्रमित डिल खाली गराइनेछ । जनकपुरधाम उपमहानगरपालिकाका नगरप्रमुख मनोजकुमार साहका अनुसार हालसम्म ३० वटा पोखरीको नापी सम्पन्न भइसकेको छ । बाँकी पोखरीको नापी प्रक्रिया पनि चाँडै पूरा गरिने उनले बताए। पोखरीका डिल अतिक्रमणमुक्त गराएपछि राजगुठीअन्तर्गत अतिक्रमणमा परेका अन्य जग्गासमेत क्रमशः खाली गराउने तयारी रहेको नगरप्रमुख साहले जानकारी दिए । गुठी संस्थानले अतिक्रमण हटाउने अभियानलाई तीन चरणमा अघि बढाउने योजना बनाएको छ। पहिलो चरणमा पोखरीका डिल अतिक्रमणमुक्त गराउने, दोस्रो चरणमा मन्दिर परिसरमा अतिक्रमणमा परेका जग्गा खाली गराउने र तेस्रो चरणमा अन्य स्थानमा रहेका गुठीका अतिक्रमित जग्गा खाली गराउने योजना रहेको छ।

जनकपुरधामका ऐतिहासिक पोखरी तथा गुठीका जग्गा लामो समयदेखि विभिन्न किसिमले अतिक्रमण हुँदै आएका छन् । कतिपय पोखरीका डिल मिचेर घर, टहरा तथा अन्य संरचना निर्माण गरिएका छन् भने गुठीको स्वामित्वमा रहेका अन्य जग्गासमेत अतिक्रमणमा परेको बताइन्छ । गुठीको अतिक्रमित जग्गा संरक्षण तथा फिर्ता गराउने उद्देश्यले नेपाल सरकारले केही महिनाअघि कार्यदलसमेत गठन गरेको थियो। सोही कार्यदलले तयार पारेको योजनाअनुसार जनकपुरधाममा अतिक्रमण हटाउने अभियान सुरु गरिएको गुठी संस्थानले जनाएको छ । पोखरी तथा गुठीका जग्गा अतिक्रमणमुक्त गराउने अभियानलाई निरन्तरता दिँदै आगामी चरणमा मन्दिर परिसरलगायत अन्य स्थानमा समेत डोजर परिचालन गर्ने तयारी गरिएको छ।

# दोषीलाई हदैसम्मको सजाय दिलाउने सरकारको प्रतिबद्धता



बालिका गरिमा चौधरीमाथि भएको जघन्य अपराधप्रति सरकारले गम्भीर दुःख व्यक्त गर्दै दोषीलाई कानुनी कठघरामा उभ्याउन र हदैसम्मको सजाय दिलाउन पूर्ण प्रतिबद्धता जनाएको छ । सामाजिक सञ्जालमार्फत आफ्नो धारणा सार्वजनिक गर्दै गृहमन्त्री सुधन गुरुङले यस घटनाले सम्पूर्ण समाजलाई स्तब्ध बनाएको र नागरिकमा उत्पन्न आक्रोशलाई सरकारले पूर्ण रूपमा आत्मसात गरेको बताएका छन्।

मृतक गरिमालाई न्याय दिलाउनु नै सरकारको पहिलो प्राथमिकता रहेको उल्लेख गर्दै गृहमन्त्रीले प्रमाणको सुरक्षा र निष्पक्ष वैज्ञानिक अनुसन्धानमा कुनै कसर बाँकी नराखिने स्पष्ट पारेका छन् । अनुसन्धानको सुरुवाती चरणमा प्रहरी प्रशासनबाट लापरबाही भएको गुनासो आएपछि सम्बन्धित प्रहरी अधिकारीहरूमाथि समेत छानबिन र कारबाहीको प्रक्रिया अघि बढाइएको गृहमन्त्री गुरुङले आफ्नो पोस्टमा लेखेका छन्।

नागरिकस्तरबाट दोषीलाई मृत्युदण्ड दिनुपर्ने माग उठिरहेको सन्दर्भमा कानुनी र संवैधानिक वस्तुस्थितिबारे स्पष्ट पार्दै गृहमन्त्र गुरुङले भने, नेपालको संविधान अनुसार मृत्युदण्ड दिने गरी कानुन बनाउन पूर्ण रूपमा निषेध गरेको उल्लेख गर्दै आवेगमा आएर तत्काल मृत्युदण्ड दिन सक्ने कानुनी अवस्था नभएको बताउनु भएको छ । जीतपुर सीमरामा आउने–नआउने बारे भने उनले अहिलेसम्म केही खुलाएका छैनन्।

# बुटवलमा पनि विरोध प्रदर्शन

**बाराको जितपुरसिमरा उपमहानगरपालिका–१ दसधुरेकी तीन वर्षीया बालिका गरिमा चौधरीको हत्या घटनामा न्यायको माग गर्दै बुटवलमा महिलाहरूले प्रदर्शन गरेका छन् । महिला अधिकारकर्मीको अगुवाइमा शनिबार भएको प्रदर्शन ट्राफिकचोकबाट सुरु भएको थियो।**

**प्रदर्शनकारी उच्च अदालत तुल्सीपुर, बुटवल इजलास हुँदै इलाका प्रहरी कार्यालय बुटवलसम्म पुगेका थिए । प्रदर्शनमा सहभागी महिलाहरूले इलाका प्रहरी कार्यालयको गेटबाहिर नाराबाजी गर्दै घटनामा संलग्न दोषीलाई कडा कानुनी कारबाही गर्न माग गरेका थिए।**

**उनीहरूले बालबालिकामाथि हुने हिंसा तथा यौनजन्य अपराधमा संलग्नलाई कानुनबमोजिम हदैसम्मको कारबाही गर्नुपर्ने बताएका छन् । प्रदर्शनकारीले गरिमा चौधरीको हत्या घटनाको निष्पक्ष छानबिन गरी पीडित परिवारलाई न्यायको अनुभूति हुने गरी दोषीमाथि कारबाही गर्न सम्बन्धित निकायको ध्यानाकर्षण गराएका छन्।**

# भात र दालमै माखा–झिँगा:
## होटल हिमाललाई ५० हजार जरिवाना



**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंज–१५ बाइपासस्थित होटल हिमाल एन्ड भान्सा घरलाई खाद्य स्वच्छता तथा गुणस्तर मापदण्ड उल्लंघन गरेको भन्दै ५० हजार रुपैयाँ जरिवाना गरिएको छ । संयुक्त अनुगमन टोलीले होटलको भान्सामा निरीक्षण गर्दा भात र दालमै माखा–झिँगा भेटिएको थियो । यस्तै, भान्सा अत्यधिक फोहोर रहेको, बिग्रिएको चपिङ बोर्ड प्रयोग भइरहेको, मसला खुला रूपमा राखिएको तथा फ्रिजमा खाद्य सामग्री नछोपी राखिएको पाइएको थियो।

खानामै झिँगा भेटिनु होटलको खाद्य स्वच्छताप्रतिको गम्भीर लापरवाही भएको अनुगमन टोलीले जनाएको छ । खाद्य सामग्री असुरक्षित रूपमा भण्डारण गरेको र भान्साको सरसफाइमा ध्यान नदिएको पाइएपछि होटललाई ५० हजार रुपैयाँ जरिवाना गरिएको हो । होटललाई तीन दिनभित्र भान्सा तथा खाद्य सामग्रीको व्यवस्थापनमा सुधार गर्न निर्देशन दिइएको छ।

यो घटनाले ग्राहकले होटलको बाहिरी सजावट र खानाको स्वाद मात्र होइन, भान्साको सरसफाइ र खाद्य स्वच्छतामा समेत ध्यान दिनुपर्ने देखाएको छ ।

विशेषगरी खानामै झिँगा भेटिएको अवस्थामा त्यस्तो होटल सञ्चालकसँग स्वच्छताको सुनिश्चितता माग्न उपभोक्तालाई सचेत हुन आग्रह गरिएको छ । साथै, होटल सञ्चालकलाई ग्राहकको स्वास्थ्यसँग खेलबाड नगरी खाद्य स्वच्छता र गुणस्तरका मापदण्ड कडाइका साथ पालना गर्न सचेत गराइएको छ।

### सम्पादकीय

# नीति मात्रै होइन, कार्यान्वयनको दूरसञ्चार परीक्षा !

नेपालको डिजिटल भविष्य अब केवल मोबाइल फोनको पहुँच वा इन्टरनेट प्रयोगकर्ताको संख्या बढाउने विषयमा सीमित छैन । शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन, उद्योग, वित्तीय सेवा र सार्वजनिक प्रशासनदेखि नागरिकको दैनिक जीवनसम्म डिजिटल प्रविधि निर्णायक बन्दै गएको बेला सरकारले तयार गरेको 'एकीकृत दूरसञ्चार नीति, २०८३' को मस्यौदाले दूरसञ्चारलाई विकासको आधारभूत पूर्वाधारका रूपमा स्थापित गर्ने महत्वाकांक्षी प्रयास गरेको छ ।मस्यौदाको सबैभन्दा महत्वपूर्ण लक्ष्य पाँच वर्षभित्र ८० प्रतिशत र १० वर्षभित्र ९८ प्रतिशत जनसंख्यामा न्यूनतम ५० एमबीपीएस क्षमताको ब्रोडब्यान्ड सेवा पु¥याउनु हो। यो लक्ष्य आफैंमा महत्वाकांक्षी मात्र होइन, नेपालको डिजिटल असमानता घटाउने दिशामा आवश्यक प्रतिबद्धता पनि हो। तर प्रश्न लक्ष्य घोषणा गर्ने होइन, त्यसलाई वास्तविकतामा कसरी उतार्ने भन्ने हो। आज पनि ग्रामीण, दुर्गम र उच्च पहाडी क्षेत्रका नागरिक कमजोर नेटवर्क, बारम्बार अवरुद्ध हुने सेवा र न्यून गतिको इन्टरनेटसँग जुधिरहेका छन् । काठमाडौँ र प्रमुख सहरको डिजिटल अनुभवलाई देशकै वास्तविकता ठान्ने प्रवृत्ति अन्त्य नभएसम्म डिजिटल नेपाल केवल नीतिगत नारा बन्ने खतरा रहन्छ। मस्यौदाले ग्रामीण दूरसञ्चार विकास कोष परिचालन, सूचना महामार्ग निर्माण र सेवा नपुगेका क्षेत्रमा लगानीका लागि सेवा प्रदायकलाई बाध्यकारी व्यवस्था गर्ने प्रस्ताव गरेको छ । यो सकारात्मक पक्ष हो। विशेषगरी सेवा प्रदायकले नाफा हुने सहरमा मात्र केन्द्रित हुने पुरानो प्रवृत्तिलाई रोक्न 'रोलआउट अब्लिगेसन' र वार्षिक आम्दानीको निश्चित हिस्सा पिछडिएका क्षेत्रमा लगानी गर्नुपर्ने व्यवस्था प्रभावकारी रूपमा लागू गर्न सकिए ठूलो परिवर्तन सम्भव छ । तर विगतको अनुभवले देखाएको छ नेपालमा नीति र कानुनको अभावभन्दा कार्यान्वयन र अनुगमनको कमजोरी ठूलो समस्या हो।

त्यसैले नयाँ नीतिको सफलता पनि कागजमा लेखिएका प्रावधानभन्दा नियामक निकायको क्षमता र सरकारको राजनीतिक इच्छाशक्तिमा निर्भर हुनेछ । मोबाइल नम्बर पोर्टेबिलिटी लागू गर्ने प्रस्ताव अर्को महत्वपूर्ण कदम हो। एउटै नम्बर कायम राख्दै सेवा प्रदायक परिवर्तन गर्न पाउने अधिकारले उपभोक्तालाई वास्तविक विकल्प दिनेछ र कम्पनीहरूलाई सेवा गुणस्तर तथा मूल्यमा प्रतिस्पर्धा गर्न बाध्य बनाउनेछ। तर यसको कार्यान्वयनमा अनावश्यक ढिलाइ भए यो पनि विगतका अनेक 'सुधारका घोषणा' जस्तै बन्न सक्छ। उपभोक्ता अधिकारलाई केन्द्रमा राख्ने हो भने सेवा अवरुद्ध हुँदा क्षतिपूर्ति, न्यूनतम गुणस्तरको सुनिश्चितता र पारदर्शी मूल्य निर्धारणजस्ता विषयमा पनि उत्तिकै कडाइ आवश्यक छ।

इन्टरनेट शुल्कलाई नागरिकको आयसँग जोडेर घटाउने लक्ष्य, पूर्वाधार सहप्रयोग, सडक र राजमार्गमा डक्ट निर्माण तथा फ्रिक्वेन्सी वितरणलाई वैज्ञानिक र पारदर्शी बनाउने प्रस्तावहरू पनि स्वागतयोग्य छन्। तर सरकारी निकायबीच समन्वय अभाव, अनुमति प्रक्रियाको झन्झट र एउटै सडक पटकपटक खनेर विभिन्न कम्पनीले छुट्टाछुट्टै संरचना बनाउने अभ्यास अन्त्य गर्न सकिएन भने 'पूर्वाधार साझेदारी' पनि कागजी अवधारणा मात्र हुनेछ। ओटीटी नियमन, साइबर सुरक्षा, डेटा संरक्षण, डिजिटल केवाईसी, विपद्का बेला सञ्चार सेवा निरन्तरता र एआईदेखि फाइभजी तथा स्याटेलाइटसम्मका नयाँ प्रविधिलाई समेट्नु मस्यौदाको व्यापक दृष्टिकोण हो । तर नियमनको नाममा डिजिटल स्वतन्त्रता, अभिव्यक्ति अधिकार र नवप्रवर्तनमाथि अनावश्यक नियन्त्रण हुनु हुँदैन । डेटा सुरक्षा र नागरिक गोपनीयताको विषयमा स्पष्ट कानुनी जवाफदेहिता बिना केवल 'सुरक्षा मापदण्ड' पर्याप्त हुँदैन।

यस नीतिको वास्तविक परीक्षा अब कार्यान्वयनमा हुनेछ । मन्त्रालय, दूरसञ्चार प्राधिकरण र सेवा प्रदायकबीच जिम्मेवारी बाँडेर मात्र पुग्दैन, समयसीमा, बजेट, सार्वजनिक प्रगति विवरण र स्वतन्त्र अनुगमनको बलियो संयन्त्र आवश्यक छ। तीन पुराना नीतिलाई विस्थापित गरेर एउटै एकीकृत ढाँचा बनाउने प्रस्तावले नीतिगत अस्पष्टता हटाउन सक्छ। नेपाललाई साँच्चै डिजिटल अर्थतन्त्रतर्फ लैजाने हो भने इन्टरनेटलाई विलासिताको वस्तु होइन, नागरिकको आधारभूत सार्वजनिक उपयोगिताको सेवाका रूपमा व्यवहार गर्नुपर्छ । 'एकीकृत दूरसञ्चार नीति, २०८३ को मस्यौदा सही दिशातर्फको कदम हो। तर अब देशलाई अर्को आकर्षक नीति होइन, परिणाम देखिने कार्यान्वयन चाहिएको छ। दुर्गम गाउँका नागरिकले पनि सहरसरह भरपर्दो र सस्तो डिजिटल सेवा पाउने दिन नै यो नीतिको वास्तविक सफलता हुनेछ।

### 'सुपर एल निनो'को सम्भावित जोखिमः

# चिन्ता ऊर्जा सङ्कटको

प्रगति ढकाल

**काठमाडौं।**
विश्वव्यापी जलवायु परिवर्तनशीलताको प्रमुख चालकका रूपमा रहेको 'सुपर एल निनो'का नेपालमा सम्भावित जोखिमबाट ऊर्जा सङ्कट देखिन सक्ने जनाउँदै सरोकारवालाले चिन्ता व्यक्त गरेका छन् । 'सुपर एल निनो'का कारण तापक्रम बढ्ने, खडेरीको सम्भावना रहने र यसले पानीको स्रोतमा समेत कमी ल्याउँदा ऊर्जा क्षेत्र सहित समग्र सामाजिक–आर्थिक प्रणालीमा उल्लेख्य प्रभाव पार्न सक्ने जनाइएको छ । जलस्रोत, कृषि, ऊर्जा, खाद्य सुरक्षा तथा जनजीविकामा पर्नसक्ने जोखिम न्यूनीकरणका लागि राष्ट्रियस्तरमै पूर्वतयारी आवश्यक रहेकामा यस क्षेत्रका विज्ञ तथा सरोकारवालाले जोड दिएका छन् । सन् २०२६को अन्त्यदेखि २०२७ को सुरुआतसम्म एल निनो थप सशक्त भई 'धेरै बलियो' वा 'सुपर एल निनो'का अवस्थामा पुग्न सक्ने सम्भावना रहेको जल तथा मौसम विज्ञान विभागको प्रारम्भिक भनाइ छ । 'सुपर एल निनो' सम्बन्धी वैज्ञानिक ज्ञान अभिवृद्धि गर्नु, विगतका एल निनो जोखिमबाट नेपालले प्राप्त गरेका अनुभव तथा सिकाइको समीक्षा गर्न, मौसमी पूर्वानुमान तथा जलवायु सेवाको उपयोग बढाउन, जलस्रोत, हिममण्डल, कृषि र ऊर्जा क्षेत्रमा पर्न सक्ने प्रभावको मूल्याङ्कन गर्नु तथा आवश्यक नीति, अनुसन्धान र संस्थागत समन्वयका प्राथमिकता पहिचान गर्न सरोकारवाल निकायबीच छलफल सुरु हुन थालेको छ।

शुक्रबार यहाँ आयोजित कार्यक्रममा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव सरिता दवाडीले एल निनोको सम्भावित जोखिमका बारेमा अनुसन्धानकर्ता तथा कार्यान्वयनमा सङ्लग्न निकायलाई एउटै मञ्चमा ल्याएर छलफल गर्नु महत्वपूर्ण भएको बताए । उनले जलवायु तथा मौसमसम्बन्धी तथ्याङ्कमा तापक्रम, वर्षा, नदीको बहाव र पूर्वानुमानको चर्चा हुने गरे पनि ती तथ्याङ्कको प्रत्यक्ष सम्बन्ध नागरिकको जीवन, जीविकोपार्जन र अर्थतन्त्रसँग रहेको छ भने । सचिव दवाडीले भने, 'धान रोप्नका लागि बीउ र मलको व्यवस्थापन गरिसकेको किसानले समयमा सिँचाइ नपाउँदा त्यसको असर वर्षाको तथ्याङ्कमा मात्र सीमित हुँदैन, यसले उसको समय, आम्दानी, उत्पादन र परिवारको जीविकामा असर पार्छ ।' उनले पहाडी क्षेत्रमा पानीका मुहान सुक्दै जाँदा स्थानीय समुदायले पानीका लागि थप समय र श्रम खर्च गर्नुपर्ने तथा नदीको बहाव घट्दा जलविद्युत्् उत्पादनमा प्रत्यक्ष असर परी ऊर्जा सुरक्षामा चुनौती थपिने सक्ने जोखिम रहेको जानकारी दिए । उनले भने,"एल निनो मौसमविद्को मात्र विषय होइन, यो विकास, जीविकोपार्जन र अन्ततः मानव जीवनसँग प्रत्यक्ष जोडिएको विषय हो।"

नेपाल जलवायु परिवर्तनका दृष्टिले जोखिममा रहेको उल्लेख गर्दै सचिव दवाडीले मुलुकमा वार्षिक करिब २२५ अर्ब घनमिटर पानी उपलब्ध भए पनि यसको समयगत र स्थानगत वितरण असमान रहेकाले कृषि अझै मनसुनमा निर्भर रहेको जानकारी दिनु । उनले नेपालको ऊर्जा प्रणालीमा जलविद्युत्को भूमिका निरन्तर बढ्दै गएको र हिमाल, हिमनदी तथा हिमाली क्षेत्र नदी प्रणाली र जल सुरक्षाका महत्वपूर्ण आधार रहेको उल्लेख गर्नुभयो। सचिव दवाडीले नेपालमा विगतका एल निनो वर्षमा वर्षा घट्ने वा बढ्ने दुवै प्रवृत्ति देखिएको उल्लेख गर्दै उनले एल निनो देखिँदैमा नेपालमा निश्चित रूपमा कस्तो मौसम हुन्छ भन्ने निर्धारण नहुने बताए । जल तथा ऊर्जा आयोगको सचिवालयका सरजुकुमार वैद्यले एल निनो महासागरमा हुने मौसमी फेरबदल मात्र नभई नेपालको जलस्रोत र अर्थतन्त्रमा प्रत्यक्ष प्रभाव पार्नसक्ने जलवायुजन्य जोखिम भएको जानकारी दिए।

उनले भने , 'विगतका अध्ययन तथा तथ्याङ्कले एल निनो र नेपालको वर्षाबीच सम्बन्ध देखाएको उल्लेख गर्दै उनले एल निनोका धेरै वर्षमा नेपालमा मनसुन कमजोर भई कम वर्षा भएको इतिहास रहेको छ । कमजोर मनसुनका कारण भूमिगत जल पुनर्भरण घट्ने, पहाडी क्षेत्रका मूल तथा धाराहरू सुक्ने तथा बढ्दो तापक्रमका कारण हिमाली क्षेत्रमा हिउँ र हिमनदी पग्लने दर तीव्र हुनसक्छ ।' नेपालको ८० प्रतिशतभन्दा बढी विद्युत्् उत्पादन नदीको बहावमा आधारित जलविद्युत्् आयोजनामा निर्भर रहेको उल्लेख गर्दै वैद्यले नदीको बहाव घट्दा विद्युत्् उत्पादनमा कमी आई राष्ट्रिय विद्युत प्रणालीको सन्तुलनमा चुनौती आउनसक्ने बताए। सचिवालयका सहसचिव टिकाराम बरालले सुपर एल निनोको सम्भावित प्रभावलाई सम्बोधन गर्न ठोस कार्ययोजना निर्माणका लागि गोष्ठीले सहयोग पुग्ने बताए । उनले वैज्ञानिक पूर्वानुमान, जोखिम मूल्याङ्कन र सम्बन्धित क्षेत्रका कार्यान्वयन निकायबीचको समन्वयलाई प्रभावकारी बनाएर पूर्वतयारीका काम अघि बढाउनुपर्नेमा जोड दिए । गोष्ठीमा सुपर एल निनोका कारण नेपालमा पानी, खाद्य, ऊर्जा तथा विपद् व्यवस्थापनका क्षेत्रमा पर्नसक्ने सम्भावित प्रभाव, जोखिम न्यूनीकरणका उपाय, पूर्वानुमानको प्रयोग तथा संस्थागत समन्वयका विषयमा छलफल भएको थियो।

**'एल निनो बलियो हुँदै जाँदा कम वर्षाको सम्भावना बढ्छः जल तथा मौसम विज्ञान विभाग**

जल तथा मौसम विज्ञान विभागले एल निनोको अवस्था कमजोरदेखि बलियो हुँदै जाँदा नेपालमा मनसुनका समयमा सामान्यभन्दा कम वर्षा हुने सम्भावना बढ्दै गएको जनाएको छ । विभागका महानिर्देशक डा अर्चना श्रेष्ठले एल निनोको अवस्थाअनुसार नेपालका विभिन्न भौगोलिक तथा प्रदेशगत क्षेत्रमा वर्षाको प्रवृत्ति फरक देखिए पनि बलियो एल निनोको अवस्थामा अधिकांश क्षेत्रमा सामान्यभन्दा कम वर्षाको अवस्था देखिने बताए । उनका अनुसार कमजोर एल निनोका अवस्थामा मनसुन अवधिमा ८० प्रतिशतभन्दा बढी स्थानमा सामान्यभन्दा कम वर्षा हुने प्रवृत्ति देखिएको छ । प्रदेशगत विश्लेषणमा मधेस र बागमती प्रदेशमा यस्तो सम्भावना ६६ प्रतिशत तथा कर्णाली प्रदेशमा शतप्रतिशतसम्म देखिएको उनले बताए। महानिर्देशक डा श्रेष्ठले भने, 'कमजोर एल निनोमै पनि धेरैजसो ठाउँमा सामान्यभन्दा कम वर्षा देखिन्छ। बलियो एल निनो हुँदा त अधिकांश क्षेत्रमा सामान्यभन्दा कम वर्षा हुने अवस्था देखिन्छ ।' उनका अनुसार हिउँदमा भने प्रदेशअनुसार वर्षाको प्रवृत्ति फरक देखिन्छ । कोशी प्रदेशमा केही अवस्थामा सामान्यभन्दा बढी वर्षाको सम्भावना शतप्रतिशतसम्म देखिएको छ भने अन्य प्रदेशमा सामान्यभन्दा कम वा बढी वर्षाको फरक–फरक सम्भावना देखिएको छ।

विभागले एल निनोको अवस्थालाई कमजोर, मध्यम र बलियो गरी वर्गीकरण गरेर वर्षाको तथ्याङ्क विश्लेषण गरेको उनले जानकारी दिए। उनले एल निनोको प्रभावको अध्ययनबाट प्राप्त स्थानगत तथा समयगत सूचनालाई कृषि, वन, जलस्रोत, ऊर्जा तथा विपद् व्यवस्थापनका क्षेत्रमा फरक–फरक ढङ्गले उपयोग गर्न सकिने बताए । महानिर्देशक डा श्रेष्ठले एल निनोका कारण वर्षा घट्ने सम्भावना देखिए पनि सबै स्थानमा एउटै प्रकृतिको प्रभाव नपर्ने भएकाले पूर्वानुमानको स्थानगत सूचनालाई निर्णय प्रक्रियासँग जोड्नुपर्ने बताए । विभागले एल निनो र नेपालको वर्षाबीचको सम्बन्धका विषयमा थप विश्लेषण तथा प्रस्तुतीकरण जारी राखेको र केही सत्रको अध्ययन अझै बाँकी रहेको उनले जानकारी दिए। रासस

# पर्यटक लोभ्याउँदै राक्सिराङ्को 'जलपरी झरना'

वासुदेव पौडेल/वसन्त भण्डारी



**बागमती।**
मकवानपुरको राक्सिराङ गाउँपालिका–३ गलमटे केराबारीमा रहेको मनमोहक पर्यटकीयस्थल 'जलपरी झरना' यस क्षेत्रको महत्त्वपूर्ण पर्यटकीय गन्तव्यका रूपमा विकास भइरहेको छ । हेटौँडासँगै आसपासका जिल्लाबाट झरना हेर्नका लागि पर्यटकको आगमन बढ्न थालेपछि यस क्षेत्रले पर्यटकीय गन्तव्यका रूपमा चर्चा कमाउन थालेको हो। हेटौँडाको मुख्य बजारबाट ३० किलोमिटर दूरी र मनहरीबाट करिब १० किलोमिटर दूरी पार गरेपछि जलपरी झरना आउन सकिने राक्सिराङ–३ का वडाध्यक्ष उत्तम वाइबाले जानकारी दिए। प्रशस्त रूपमा पर्यटकीय सम्भावना भएर पनि ओझेलमा परिरहेको यस झरनाको प्रवद्र्धनसँगै यहाँको पूर्वाधार विकासका लागि वडा कार्यालय निरन्तर लागिरहेको उनले बताए । झरनासँगै यहाँको चमेरे गुफासमेतलाई समेटेर पर्यटकीय विकासका योजना अघि बढाइएको वडाध्यक्ष वाइबाले बताए । 'जलपरी झरनाको पर्यटकीय उपयोगलाई लक्षित गरी विस्तृत आयोजना प्रतिवेदन (डिपिआर) तयार गरी यसको संरक्षण र प्रवद्र्धनका लागि २०७४ सालयता निरन्तर प्रयास गरिएको छ', उनले भने, 'यहाँको पूर्वाधार विकासका लागि प्रदेश तथा पालिकाबाट हालसम्म रु एक करोड २७ लाख बजेट विनियोजन भई विभिन्न काम सम्पन्न भएका छन्।'

झरना परिसरमा वडा कार्यालयका तर्फबाट बुद्धको मूर्ति राखिएको उनले जानकारी दिए । उनका अनुसार प्रधानमन्त्री स्वरोजगार कार्यक्रमअन्तर्गत परिसरमा पदमार्ग निर्माणसँगै विभिन्न फूलका बिरुवा रोपिएका छन्। पछिल्ला वर्षमा पर्यटकको बढ्दो आकर्षणलाई दृष्टिगत गरी वनभोजस्थल पनि निर्माण गरिएका जानकारी दिँदै वडाध्यक्ष वाइबाले हाल परिसरमा दुईवटा वनभोजस्थल व्यवस्थित रूपमा रहेको जानकारी दिए । 'जलपरी झरना परिसरमा घुम्न र वनभोजका लागि आउने सर्वसाधारणको आकर्षण बर्सेनि बढ्दो छ', उनले भने, 'अत्यावश्यकीय पूर्वाधार विकाससँगै राम्रो प्रवद्र्धन गरिएमा यो हेटौँडाकै एउटा महत्त्वपूर्ण पर्यटकीय गन्तव्यका रूपमा विकास हुने पक्का छ।' जलपरी झरना र चमेरे गुफालाई पर्यटनसँग जोड्दै तल गाउँमा घरबास सञ्चालन गर्नु अपरिहार्य भएको स्थानीयवासी रामकुमार एलनले बताए । 'जलपरी झरनालाई पर्यटनसँग जोड्न सकेमा यसले राक्सिराङ गाउँपालिकासँगै मकवानपुरकै पर्यटनमा विशिष्ट योगदान दिने देखिन्छ', उनले भने, '१२ महिना नै अटुट रूपमा पानी झरिरहने यो झरनालाई पर्यटकीय उपयोगका लागि स्थानीय सरकारसँगै प्रदेश र सङ्घको संयुक्त सहयोग र सहकार्य अपरिहार्य छ।' यहाँको पर्यटकीय विकासले ग्रामीण अर्थतन्त्रमा पनि विशिष्ट योगदान पुग्ने उनले बताए । पछिल्ला समयमा वनभोजका लागि निर्माण गरिएका टहरासँगै पदमार्गलाई व्यवस्थित गरिएका कारण आउने पर्यटकलाई झरनासम्म पुग्न सहज भएको छ।

वडाध्यक्ष वाइबाका अनुसार यहाँको समग्र विकाससँगै व्यवस्थापनमा हरियाली सामुदायिक वनले महत्त्वपूर्ण सहयोग गरिरहेको छ। झरनाभन्दा तल विशेषगरी तामाङ, मगर र चेपाङको बस्ती रहेको जानकारी दिँदै उनले ती वस्तीमा घरबास सञ्चालन गर्ने योजना रहेको जानकारी दिए। 'हामीले घरबास सञ्चालनका लागि स्थानीयवासीलाई अभिप्रेरित गरिहेका छौँ', उनले भने, 'जलपरी झरना र चमेरो गुफाको विकाससँगै पूर्वाधार निर्माण, प्रचारप्रसार र पर्यटन प्रवद्र्धन गर्दै यहाँ आउने पर्यटकका लागि घरबास सञ्चालन गर्न सकिएमा यसले गाउँमा पर्यटकको चहलपहल पनि बढ्ने, रोजगारीका अवसर सिर्जना भई स्थानीयको आयआर्जन वृद्धि हुने थियो ।' झरना परिसरमा राखिएको बुद्धको मूर्तिसँगै मृगलाई झम्टँदै गरेको बाघको मूर्ति, झरनाको छेउमा राखिएको जलपरीको मूर्तिका साथै तस्बिर खिच्नका लागि बनाइएको आकर्षक स्थान आदिले यहाँ आउने पर्यटकलाई लोभ्याइरहेको छ। पछिल्ला समयमा हेटौँडाका साथै चितवनलगायतका स्थानबाट दिनानुदिन पर्यटकहरू आउने गरेका छन्। विशेषगरी सार्वजनिक बिदाको दिन यहाँ आउने पर्यटकको संख्या बढी हुन्छ।

बर्दघाटबाट जलपरी झरना घुम्नका लागि आएका प्रदीप विकले यो झरना तथा यहाँको परिवेशले आफूलाई निकै मोहित बनाएको अनुभव सुनाए । चितवनमा आफन्तकामा आउँदा केही समय छुट्याएर आफू झरनामा आइपुगेको बताउँदै उनले यसको प्रचारप्रसार गर्न सकिएमा आकर्षक पर्यटकीय गन्तव्य बन्न सक्ने धारणा राखे। झरनामा परिसरमा भेटिएका चितवन भण्डाराका अभिशेक सुनारले आफू दोस्रोपटक यहाँ आएको बताए । 'केही समय पहिला साथीहरूसँग यहाँ घुम्न आएको थिएँ', उनले भने, 'झरना तथा यहाँको परिवेश लोभ्याउने खालको छ । दोस्रोपटक आफन्तहरू लिएर घुम्न आएको हुँ ।' जलपरी झरना तथा चमेरो गुफा पार्क क्षेत्रमा पर्यटकको सुविधालाई लक्षित गरी बिजुली बत्तीको लाइन विस्तार गर्न लागिएको छ। झरनाका कारण गाउँमा चहलपहल बढ्दै गएपछि स्थानीयवासीले चिया तथा खाजा पसल थप्ने क्रम पनि बढेको छ । आगामी दिनमा पर्यटकीय चहलपहल बढ्ने देखेर स्थानीयवासी छेकु दोर्जे पाख्रिनले गाउँमा चिया तथा खाजा पसल सञ्चालन सुरु गरेको जानकारी दिए।

'ठाउँठाउँबाट झरना तथा पार्कमा पर्यटक आउन थालेका कारण चहलपहल बढिरहेको छ', उनले भने, 'आउने पर्यटकलाई चिया तथा खाजाको सुविधा उपलब्ध गराउने उद्देश्यका साथ मैले चिया तथा खाजा पसल सुरु गरेको छु ।' यस क्षेत्रको पर्यटन प्रवद्र्धनका लागि तीनै तहका सरकारले योजनाबद्ध काम गर्न सके रोजगारीका अवसर सिर्जना हुनुका साथै आयआर्जन बढ्ने, आर्थिक गतिविधि चलायमान हुने उनको भनाइ छ। रासस

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।

# रक्तदान शिविर तथा निःशुल्क नेत्र परीक्षण शिविर



**मधेशदृष्टि**
**वीरगंज।**
ब्रह्मा कुमारी संस्थाका पूर्व मुख्य प्रशासिका राजयोगिनी डा. प्रकाश मणिज्यू को १९ औं पुण्य स्मृति दिवसको अवसरमा ब्रह्माकुमारीज समाज सेवा प्रभाग, वीरगंज द्वारा एक दिवसीय रक्तदान शिविर तथा निःशुल्क नेत्र परीक्षण शिविर सम्पन्न भएको छ।

वीरगंजकी मुख्य सञ्चालिका ब्रह्माकुमारी रविना दिदीको अध्यक्षता तथा सशस्त्र प्रहरी बल नेपाल, १३ नं गण हेड क्वार्टर पर्साका सशस्त्र प्रहरी उपरीक्षक मोहन बहादुर क्षेत्रीको मुख्य आतिथ्यमा सम्पन्न सो शिविरमा ब्रह्माकुमार गोवर्धन, ब्रकु गोकुल, ब्र कु आनन्द, ब्रकु विजय, अजय चौरासिया, अनिल कुमार साह, देवेन्द्र साह, कुमेश कुशवाह, अजितेश साह, सञ्जय श्रेष्ठ, अंकित शर्मा, गणेश शर्मा, रमेश शर्मा, नीलेश अग्रवाल लगायत गरी पुरूष तर्फ ३८ जना र महिला तर्फ रिन्जु कुशवाह, मुस्कान कुमारी, सपना थापा, प्रीति कुमारी, रचना खत्री गरी ५ जना महिला तर्फ गरी ४३ जनाले रक्तदान गरेका थिए भने ५० महिला र ३० पुरुष गरी जम्मा ८० जनाले किरण आँखा अस्पतालको तर्फबाट गरीएको निःशुल्क नेत्र परीक्षण शिविरबाट लाभ आर्जन गरेका थिए। उक्त कार्यक्रममा प्रमुख अतिथि सशस्त्र प्रहरी उपरीक्षक मोहन बहादुर क्षेत्रीले ब्रह्माकुमारी संस्थाले राजयोग ध्यान र आध्यात्मिक ज्ञान मार्फत मानवमा शान्ति, भाइचारा र चरित्र उत्थानकोलागि अमूल्य योगदान गर्नुकासाथै समयप्रति समय संस्था द्वारा आयोजना गरिने यस प्रकारका रक्तदान शिविरहरूले कयौं व्यक्तिहरूको अमूल्य जिवनको रक्षा गर्नुकासाथै समाजकोलागि एक उदाहरण र प्रेरणा बन्ने बताए।

उक्त अवसरमा नेपाल रेडक्रस सोसाईटी पर्साका सभापति बृजकिशोर पटेल, उपसभापति मधु राणा, सामुदायिक सेवा केन्द्र छपकैया २ का अध्यक्ष ग्यासुद्दिन ठकुराई, इनोभेटिभ सोसाइटी नेपालका अध्यक्ष कमल चौगाई, सशस्त्र प्रहरीका इन्स्पेक्टर चन्द्रकान्त पौडेल, असई विद्यानन्द चौधरी, पत्रकार त्रय कन्हैया पटेल, राज कुमार सर्रफ र जाकिर हुसैन, समाज सेवा प्रभागका वीरगंज क्षेत्रीय संयोजक ब्र कु बेली, सह संयोजक द्वय ब्रकु छोटेलाल र ब्र कु पूर्णिमा, ब्र कु ज्ञानु, रक्त सञ्चार केन्द्र र किरण आँखा अस्पतालका प्राविधिकहरु, नर्सिङ्ग क्याम्पसका विद्यार्थीहरू तथा रक्तदाता महानुभावहरूको सहभागिता रहेको थियो।

# यस वर्ष ८औँ गणेश पूजा महोत्सव हुने



**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंजको माईस्थान युवा क्लबले यस वर्ष आठौँ गणेश पूजा महोत्सव आयोजना गर्ने भएको छ। माईस्थान मन्दिर परिसरमा आयोजना हुने महोत्सवमा महाआरती, भक्तिमय भजनसन्ध्या तथा विभिन्न देवी–देवताका दिव्य झाँकी प्रस्तुत गरिने आयोजकले जनाएको छ।

महोत्सवलाई व्यवस्थित र भव्य रूपमा सम्पन्न गर्न माईस्थान मन्दिर परिसरमा भएको भेलाले सागर सर्राफको अध्यक्षतामा गणेश पूजा आयोजना समिति गठन गरेको छ। क्लबका पूर्वअध्यक्ष राहुल रौनियारका अनुसार यस वर्षको गणेशोत्सवलाई विगतका वर्षभन्दा थप आकर्षक र संगीतमय बनाउने तयारी भइरहेको छ।

धार्मिक कार्यक्रमसँगै विभिन्न देवी–देवताका कलात्मक झाँकीसमेत प्रदर्शन गरिने उनले बताए।

महोत्सवलाई धार्मिक तथा शास्त्रीय विधिअनुसार सञ्चालन गर्न 'ज्योतिष सम्राट' डा. पुरुषोत्तम दुबेले यस वर्ष पनि मुख्य पण्डितको जिम्मेवारी सम्हाल्नेछन्। उनले महोत्सवको सुरुदेखि नै धार्मिक मार्गदर्शन गर्दै आएको आयोजकले जनाएको छ। नवगठित समितिको उपाध्यक्षमा सुभम पटेल, कोषाध्यक्षमा लखन गुप्ता, सचिवमा सुभास गुप्ता, सहसचिवमा सुमित दास र पत्रकार संयोजकमा अभिलाष कुमार गुप्ता चयन भएका छन्।

समितिका सदस्यमा विवेक ठाकुर, अनिश पटेल, विशाल कानू, सिद्त गुप्ता, रमेश पटेल, विशाल पटेल, धनञ्जय यादव, रोहित पटेल, सुधर्सन साहू सोनार, अनुज शर्मा, सुमित पटेल, सन्दिप जयसवाल, प्रकाश झा र सुरज कुमार कानू रहनुभएको छ। आयोजकका अनुसार महाआरती, भजनसन्ध्या र विशेष दिव्य झाँकी महोत्सवका मुख्य आकर्षण हुनेछन्। आयोजक समितिले धार्मिक तथा सांस्कृतिक उत्सवमा सहभागी हुन वीरगंजवासी तथा भक्तजनलाई आह्वान गरेको छ।

# छिटो न्याय सम्पादनमै हाम्रो ध्यान छः प्रधानन्यायाधीश

**बागलुङ।**
सर्वोच्च अदालतका प्रधानन्यायाधीश डा मनोजकुमार शर्माले छिटो न्याय सम्पादनमा अदालतको मुख्य ध्यान रहेको बताएका छन्। शर्माले छिटो न्याय दिनसकेमात्रै जनताको आशा र भरोसा न्यायालयप्रति बढ्ने बताउँदै पुराना मुद्दा शून्यमा झार्नुपर्ने बताएका हुन्। अदालतहरूको वर्तमान अवस्था, भौतिक संरचना र न्याय निरूपणको अवस्था बुझ्ने क्रममा उच्च आदलत पोखरा बागलुङ इजलासमा आएका प्रधानन्यायाधीश शर्माले छिटो न्याय सम्पादनका लागि अदालतले प्रविधिलाई आत्मसात् गर्दै अघि बढेको बताए।



प्रधानन्यायाधीश शर्माले रु ७९ करोड लागतमा हालै निर्माण भएर सञ्चालनमा आएको उच्च अदालत पोखरा बागलुङ इजालस भवन तथा जिल्ला अदालत बागलुङको निरीक्षण गरेका थिए। उच्च अदालत बार एकाइ बागलुङका अधिवक्तासँग अन्तर्क्रिया तथा छलफलमा उनले न्यायसम्बन्धी जनचेताना फैलाउन अधिवक्तहरूको मुख्य भूमिका रहेको बताए। उनले छिटो न्याय सम्पादन, सकभर जिल्ला अदालतबाटै मुद्दाको टुङ्गो लगाउन सकेमा जनतालाई सहज हुने बताए।

'दुई वर्ष कटेका पुराना मुद्दा निकै कम रहेको पाएँ, यसलाई शून्यमा झार्नुपर्छ, पछिल्लो समय उच्च आदलत पोखरा बागलुङ इजलासमा पुराना मुद्दा घटाएर सुविधासम्पन्न भवनबाट सेवा दिँदा सहज भएको छ', प्रधानन्यायाधीश शर्माले भने, 'जनताले छिटो न्याय पाएमात्रै न्याय पाएको महसुस गर्नेछन्, प्रविधिमा अब्बल न्यायालय हुन आवश्यक छ।' प्रन्या शर्माले देशभरमै बालविवाह, सम्बन्धविच्छेद, जबर्जस्ती करणीलगायत मुद्दा बढ्नु राम्रो नभएको उनको भनाइ छ। अदालतलाई प्रविधिमैत्री बनाउँदामात्रै छिटो र समयमै न्याय दिन सकिने विश्वास व्यक्त गर्दै उनले सबै अदालतलाई प्रविधिमैत्री बनाइरहेको जानकारी दिए। जिल्ला अदालत नै पहिलो न्यायको ढोका रहेकाले सकभर जिल्ला अदालतबाटै न्याय दिने प्रणालीको विकास गर्न थालिएको उनले स्पष्ट पारे।

जिल्ला अदालत बागलुङमा पछिल्ला केही वर्षयता मुद्दा फछ्र्योटको दरमा सुधार देखिएको अवलोकनका क्रममा पाइएको उनको भनाइ छ। आव २०८२/८३ मा जिल्ला अदालत बागलुङले कुल मुद्दाको लगतमध्ये ७७.९३ प्रतिशत मुद्दा फछ्र्योट गर्दै बाँकी मुद्दाको सङ्ख्या घटाएर १९७ पुर्याएको छ, जुन तथ्याङ्क पाँच वर्षयताकै थोरै बाँकी मुद्दा हो। प्रधानन्यायाधीश डा शर्माले आजै बिहान प्रसिद्ध बागलुङ कालिका मन्दिरको दर्शन गर्नुभएको थियो। उनले गण्डकी प्रदेशकै उत्कृष्ट शक्तिपीठको रूपमा रहेको कालिका भगवती मन्दिरको आज बिहान पूजाआजासहित कालिका देवीको दर्शन गरेका हुन्। रासस

# मल कालोबजारी गर्न खोज्ने तीनजना पक्राउ

**मधेशदृष्टि**
**वीरगंज।**
किसानका लागि अनुदानमा उपलब्ध गराइएको बागलुङको युरिया मल वीरगंज पठाएर कालोबजारी गर्न खोजेको आरोपमा तीनजना पक्राउ परेका छन्। जिल्ला प्रहरी कार्यालय बागलुङका अनुसार बागलुङ बजारस्थित दुई कृषि सामग्री पसलबाट खरिद गरिएको अनुदानको युरिया मल रात्रिबसमार्फत वीरगंज पठाइएको पुष्टि भएपछि तीन जनालाई पक्राउ गरिएको हो।

पक्राउ पर्नेमा पर्साको छिपहरमाई गाउँपालिका–६ का दिनेश कुमार पण्डित तथा बागलुङ नगरपालिका–२ का कुलबहादुर रानामगर र विनय शाक्य रहेका छन्। प्रहरीका अनुसार किसानका लागि तोकिएको कोटाअनुसार बागलुङमै बिक्री गर्नुपर्ने मल अन्यत्र पठाएर वीरगन्जमा कालोबजारी गर्न खोजिएको आरोप छ। अनुदानमा उपलब्ध गराइएको मल तोकिएको क्षेत्रभन्दा बाहिर पठाई बिक्री गर्ने कार्य गैरकानुनी भएकाले अनुसन्धान अघि बढाइएको प्रहरीले जनाएको छ।

पक्राउ परेकामाथि कालोबजारी तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐनबमोजिम अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय बागलुङले जनाएको छ। किसानका लागि अनुदानमा उपलब्ध गराइएको मल तोकिएको क्षेत्रभन्दा बाहिर पठाएर बिक्री गर्ने गतिविधिमाथि निगरानी बढाइएको प्रहरीले जनाएको छ।

# सवारीसाधनभन्दा लाइसेन्स लिनेको संख्या तीन गुणाबढी

**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेशमा सवारी साधन दर्ता भन्दा झण्डै तीन गुणा बढी सवारी चालक अनुमतिपत्र (लाइसेन्स) लिनेको संख्या देखिएको छ। प्रदेश सरकारको श्रम, रोजगार तथा यातायात मन्त्रालयले सार्वजनिक गरेको आर्थिक वर्ष २०८२/८३ को प्रगति विवरणले यस्तो अवस्था देखाएको हो।

मन्त्रालयका अनुसार गत आर्थिक वर्षमा प्रदेशका विभिन्न यातायात व्यवस्था कार्यालयबाट १ लाख ५ हजार ४५१ वटा सवारी साधन दर्ता भएका छन्। सोही अवधिमा विभिन्न वर्गका २ लाख ८० हजार ७६८ वटा सवारी चालक अनुमतिपत्र वितरण गरिएको छ।

कार्यालयगत विवरण हेर्दा वीरगंजमा सबैभन्दा धेरै सवारी दर्ता भएका छन्। पर्साको वीरगंजस्थित यातायात व्यवस्था कार्यालयबाट गत वर्ष ७३ हजार ६५१ वटा सवारी दर्ता भएको मन्त्रालयले जनाएको छ।

त्यसपछि धनुषाको जनकपुरधाममा २० हजार २९४,सिरहाको लहानमा ९ हजार १८१, सप्तरीको राजविराजमा १ हजार ६४१, महोत्तरीको बर्दिबासमा ३५२, रौतहटको गौरमा २१७, बाराको कलैया १७१ र सर्लाहीको मलंगवामा १४४ वटा सवारी दर्ता भएका छन्।

# चोरी गरिरहेकै अवस्थामा युवक पक्राउ

**मधेशदृष्टि**
**रौतहट।**
रौतहटको राजदेवी नगरपालिका–७ मुडवलवामा घरको ताल्चा तोडेर चोरी गरिरहेको अवस्थामा एक युवक पक्राउ परेका छन्। पक्राउ पर्नेमा स्थानीय ३० वर्षीय मनोज राउत भेडिहर रहेका छन्। उनलाई शुक्रबार राति प्रहरी सहायक हवल्दार मनोज यादवको घरमा चोरी गर्दै गरेको अवस्थामा स्थानीयवासीले नियन्त्रणमा लिई प्रहरीको जिम्मा लगाएका हुन्।

प्रहरीका अनुसार घरमा कोही नभएको मौका छोपेर राउतले ढोकाको ताल्चा तोडी घरभित्र प्रवेश गरेका थिए। चोरीका सामान लिएर घरबाट बाहिर निस्कने क्रममा घरधनीका आफन्त तथा स्थानीयवासीले उनलाई घेरा हालेर नियन्त्रणमा लिएका थिए। घटनाको जानकारी पाएपछि जिल्ला प्रहरी कार्यालय रौतहटबाट खटिएको प्रहरी टोलीले राउतलाई नियन्त्रणमा लिई अनुसन्धान अघि बढाएको छ।

प्रहरी सहायक हवल्दार यादव हाल सर्लाहीको मलंगवामा कार्यरत रहेको बताइएको छ। प्रहरीका अनुसार राउतमाथि यसअघि पनि स्थानीय क्षेत्रमा चोरीका घटनामा संलग्न रहेको आरोप लाग्दै आएको थियो। गत साउन ६ गते अभिमन्यु यादवको घरमा चोरी गरेको आरोपमा समेत उनी पक्राउ परेको प्रहरीको भनाइ छ।

जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता प्रहरी नायब उपरीक्षक बसन्त गौतमले राउत प्रहरी नियन्त्रणमा रहेको पुष्टि गर्दै घटनाबारे थप अनुसन्धान भइरहेको जानकारी दिए।

# विद्यार्थीलाई सम्मान तथा पुरस्कार

**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंजस्थित हरि खेतान बहुमुखी कलेजमा उत्कृष्ट नतिजा हासिल गर्ने विद्यार्थीलाई सम्मान तथा पुरस्कार वितरण कार्यक्रम सम्पन्न भएको छ। कलेजले शैक्षिक तथा अतिरिक्त क्रियाकलापमा उत्कृष्ट प्रदर्शन गर्ने विद्यार्थीलाई प्रोत्साहन गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरेको हो।

कलेज प्रमुख किशोरी रायको अध्यक्षतामा सम्पन्न कार्यक्रममा कलेज सञ्चालक समितिका अध्यक्ष डा. राम औतार खेतान प्रमुख अतिथिका रूपमा उपस्थित रहेका थिए। कार्यक्रममा सञ्चालक समितिका उपाध्यक्ष हरि गौतम, सञ्चालक समितिका सल्लाहकार जयप्रकाश खेतान, शिक्षक–शिक्षिका तथा विद्यार्थीहरूको उल्लेखनीय सहभागिता रहेको थियो।

# बस र मोटरसाइकल ठोक्किँदा दुईजनाको मृत्यु

**मधेशदृष्टि**
**खैरहनी।**
खैरहनीमा बस र मोटरसाइकल ठोक्किँदा मोटरसाइकलमा सवार दुई जनाको मृत्यु भएको छ। शनिबार दिउँसो खैरहनी नगरपालिका–१ स्थित तरकारी चोकमा नारायणगढबाट बर्दिबासतर्फ जाँदै गरेको बस र विपरीत दिशाबाट आएको मोटरसाइकल ठोक्किएका थिए।

दुर्घटनामा मोटरसाइकल चालक करिब ३२ वर्षीय पुरुष र पछाडि सवार करिब २५ वर्षीया महिला गम्भीर घाइते भएका थिए। दुवैको उपचारका क्रममा भरतपुरस्थित नयाँ मेडिकल कलेजमा मृत्यु भएको प्रहरीले जनाएको छ। मृतकको पहिचान खुल्न बाँकी छ। प्रहरीले बस चालक सर्लाही हरिवन–८ का ५१ वर्षीय अजयकुमार मास्केलाई नियन्त्रणमा लिएर घटनाबारे अनुसन्धान गरिरहेको छ।

# मधेश सरकारद्वारा नीति तथा योजना आयोगको 'ओएण्डएम सर्वे' स्वीकृत

**जनकपुरधाम।**
मधेश प्रदेश सरकारले प्रदेश नीति तथा योजना आयोगको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण (ओएण्डएम सर्वे) स्वीकृत गरेको छ। मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, जनकपुरधाममा शुक्रबार साँझ बसेको प्रदेश सरकारको मन्त्रिपरिषद् बैठकले आयोगको कार्यक्षेत्र, कार्यबोझ तथा संस्थागत आवश्यकताका आधारमा सङ्गठन संरचना र दरबन्दी पुनरवलोकन गर्ने निर्णय गरेको हो।

साथै आयोगको करिब ५५ प्रतिशत दरबन्दी कटौती गर्ने निर्णय भएको प्रदेश सरकारका प्रवक्ता एवं अर्थमन्त्री युवराज भट्टराईले जानकारी दिए। दरबन्दी कटौतीबाट प्रशासनिक खर्चमा मितव्ययिता कायम हुनुका साथै उपलब्ध जनशक्तिको अधिकतम उपयोग हुने अपेक्षा गरिएको उनले बताए।

त्यसैगरी प्रदेश सरकारका विभिन्न मन्त्रालय तथा निकायमा कार्यरत सचिवहरूको खटनपटन तथा पदस्थापन गर्ने निर्णयसमेत बैठकले गरेको छ। सम्बन्धित मन्त्रालयको कार्यबोझ, विषयगत अनुभव, कार्यक्षमता, संस्थागत आवश्यकता र प्रशासनिक निरन्तरतालाई आधार बनाएर सचिवहरूको खटनपटन तथा पदस्थापन गरिएको मन्त्री भट्टराईले बताए। मन्त्रिपरिषद् बैठकले प्रदेश सरकारअन्तर्गत पूर्वाधारसम्बन्धी मन्त्रालय तथा निकायमा कार्यरत इन्जिनियरिङ जनशक्तिको वृत्तिविकास तथा कार्यगत गतिशीलतासम्बन्धी अध्ययन गर्न तीन सदस्यीय कार्यदल गठन गर्ने निर्णय पनि गरेको छ।

नेपाल इन्जिनियरिङ परिषद्मा दर्ता भएका इन्जिनियरिङ विज्ञको संयोजकत्वमा गठन हुने कार्यदलले प्राविधिक जनशक्तिको वृत्तिविकास, विशेषज्ञता विकास, पदस्थापन, सरुवा तथा कार्यगत गतिशीलताका आधार र आवश्यक कानुनी सुधारका विषयमा अध्ययन गरी १५ दिनभित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा प्रतिवेदन पेस गर्ने मन्त्री भट्टराईले जानकारी दिए। कार्यदलले प्राविधिक जनशक्तिको विशेषज्ञता र अनुभवको अधिकतम उपयोग, वृत्तिविकासका अवसरको सुनिश्चितता, उचित व्यवस्थापन, कार्यक्षेत्रअनुसार विशेषज्ञता विकास तथा विभिन्न जिम्मेवारीमा अनुभव प्राप्त गर्ने अवसरलगायत विषयमा अध्ययन गरी सुधारका उपाय सिफारिस गर्नेछ। त्यस्तै मन्त्रिपरिषद् बैठकले मधेस प्रदेश सरकारले प्रदेशसभाको चालु सातौँ अधिवेशन अन्त्य गर्न प्रदेश प्रमुखसमक्ष सिफारिस गर्ने निर्णयसमेत गरेको मन्त्री भट्टराईले बताए। रासस

# शङ्कास्पद काँचो मासुसहित दुई युवक पक्राउ



मधेशदृष्टि
सिरहा।
सिरहामा करिब ४ किलो शङ्कास्पद काँचो मासुसहित दुई युवक पक्राउ परेका छन्। औरही गाउँपालिका–५ स्थित गागन खोलामा चेकजाँचका क्रममा सशस्त्र प्रहरीले उनीहरूलाई नियन्त्रणमा लिएको हो। पक्राउ पर्नेमा औरही गाउँपालिका–५ मुस्लिम टोलका २५ वर्षीय मोहतर अलि र २९ वर्षीय मोहमद अफरोज खान रहेका छन्।

उनीहरू मधेश प्रदेश ०१–००४ प ९५०६ नम्बरको मोटरसाइकलमा सवार रहेका बेला शङ्कास्पद मासुसहित पक्राउ परेको प्रहरीले जनाएको छ। प्रहरीका अनुसार बरामद मासु हेर्दा गाईको मासु जस्तो देखिएको छ।

प्रारम्भिक अनुसन्धानका क्रममा उक्त मासु भारतबाट ल्याइएको हुनसक्ने आशंका गरिएको छ। यद्यपि, बरामद मासु कुन जनावरको हो भन्ने विषयमा परीक्षण तथा थप अनुसन्धानपछि मात्रै यकिन हुने प्रहरीले जनाएको छ।

पक्राउ परेका दुवै जनालाई जिल्ला प्रहरी कार्यालय सिरहामा राखिएको छ। घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सिरहाका सूचना अधिकारी रमेश पालले जानकारी दिए।



**अतिक्रमित संरचना हटाइँदैः** जनकपुरधाम उपमहानगरपालिका–६, पेठिया बजार नजिक गोरधोइ पोदरी डिलमा अतिक्रमित गरी निर्माण गरिएको संरचना डोजरको सहायताले हटाइँदै। रासस

## बर्दिवास यातायात कार्यालयले पालिकामार्फत

# लाइसेन्स वितरण गर्न थाल्यो

**मधेशदृष्टि**
**जनकपुरधाम।**
महोत्तरीको बर्दिवासस्थित यातायात व्यवस्था कार्यालयले सेवाग्राहीको सहजताका लागि स्थानीय तहमै पुगेर सवारी चालक अनुमति पत्र (लाइसेन्स) वितरण गर्न थालेको छ। लाइसेन्स लिनकै लागि बर्दिवासस्थित कार्यालयसम्म पुग्नुपर्ने बाध्यता अन्त्य गर्ने उद्देश्यले कार्यालयमा छापिएर लामो समयदेखि थन्किएका लाइसेन्स सम्बन्धित पालिकामार्फत वितरण गर्न थालिएको हो।

कार्यालय प्रमुख राकेश यादवका अनुसार सेवाग्राहीलाई आफ्नै गाउँठाउँबाट लाइसेन्स उपलब्ध गराउने उद्देश्यले सम्बन्धित पालिकासँग समन्वय गरी वितरणको व्यवस्था मिलाइएको हो। कार्यालयमा छापिएर तयार अवस्थामा रहेका लाइसेन्सको स्टक सम्बन्धित पालिकासम्म पु¥याइएको र पालिकाले वडा कार्यालयमार्फत सेवाग्राहीलाई हस्तान्तरण गर्ने व्यवस्था मिलाइएको उनले बताए। कार्यालयका अनुसार मनरासिस्वा नगरपालिका बाहेक महोत्तरीका सबै स्थानीय तहमा लाइसेन्स वितरणको काम सम्पन्न भइसकेको छ। यसबाट लामो समयदेखि कार्यालयमै



थन्किएका लाइसेन्स सम्बन्धित सेवाग्राहीसम्म पु¥याउन सहज भएको कार्यालयले जनाएको छ।

जलेश्वर नगरपालिकाका नगरप्रमुख सुरेश साह सोनारले पालिकामै पुगेर लाइसेन्स वितरण गर्ने व्यवस्थाले स्थानीय सेवाग्राहीलाई प्रत्यक्ष लाभ पुगेको बताए। लाइसेन्स लिनकै लागि बर्दिवाससम्म पुग्नुपर्ने अवस्थाको अन्त्य हुँदा सेवाग्राहीको समय र यातायात खर्च दुवै बचत हुने उनको भनाइ छ। उनले यातायातसम्बन्धी अन्य सेवासमेत सम्भव भएसम्म स्थानीय तहमै उपलब्ध गराउने व्यवस्था गर्न आग्रह गर्दै यस्ता कार्यक्रमलाई आगामी दिनमा निरन्तरता दिनुपर्नेमा जोड दिए।

यातायात व्यवस्था कार्यालयले पहिलो चरणमा महोत्तरीमा पालिकामार्फत लाइसेन्स वितरण सुरु गरेको हो। कार्यालय प्रमुख यादवका अनुसार महोत्तरीमा वितरणको काम सम्पन्न भएपछि धनुषा, सर्लाही र सिन्धुली जिल्लामा समेत यही प्रक्रियाबाट लाइसेन्स वितरण गर्ने योजना छ। स्थानीय तहसँगको समन्वयमा लाइसेन्स वितरण सुरु भएपछि सेवाग्राहीले कार्यालय धाउनुपर्ने झन्झटबाट मुक्ति पाउने र लामो समयदेखि वितरण हुन बाँकी रहेका लाइसेन्ससमेत व्यवस्थापन हुने विश्वास गरिएको छ।

## लोकतन्त्र लयमा फर्काउन र व्यवस्थित गर्न

# अग्रगामी मोर्चाको भूमिका हस्तक्षेपकारी रहनेछः प्रभु साह



**मधेशदृष्टि**
**काठमाडौं।**
आम जनता पार्टी (आजपा)का अध्यक्ष प्रभु साहले लोकतन्त्रलाई लयमा फर्काउन र बरालिएको व्यवस्थालाई व्यवस्थित् गर्न अग्रगामी मोर्चाको हस्तक्षेपकारी भूमिका रहने बताएका छन्। शनिबार काठमाडौं स्थित आजपाको कार्यालयमा बसेको अग्रगामी मोर्चा बागमती प्रदेश समन्वय समितिको बैठकमा देशको पछिल्लो राजनीतिक अवस्थाबारे प्रकाश पार्दै उनले यस्तो बताए। उनले अहिले देशलाई अन्त्यहीन संकटको भूमरीमा फसाउन खोजिएको भन्दै त्यसलाई रोक्नको लागि मोर्चाको जन्म भएको स्पष्ट पारेका छन्।

आजपा अध्यक्ष साहले देशलाई प्रतिगमनतर्फ डोर्याउने षड्यन्त्र भइरहेको र विभिन्न संघर्षबाट प्राप्त उपलब्धि उल्टाउन खोजिएकाले आफूहरु परिवर्तन र अग्रगामी शक्तिहरु एकजुट भएको बताए। उनले आफूहरुको सहकार्य कुनै सत्ता प्राप्तिको लागि नभएर संघर्षको लागि भएको स्पष्ट पारे। उनले आफूहरु हिसाब हिसाब गररी गरी नमिलेको तर बेहिसाब पनि नमिलेको जिकिर गरे।

उनले भने, 'हामी हिसाब गरेर मिलेका होईनौं, तर बेहिसाब पनि मिलेका छैनौं।' उनले मोर्चामा आन्दोलनबाट खारिएर र जनताको अधिकार स्थापित गरेर आएका अग्रणी नेताहरुको सहभागिता रहेकोले यसले देशलाई सही दिशा दिलाउने पनि विश्वास दिलाए। मुलुकका सामू राजनीतिक, आर्थिक र वैदेशि सम्बन्ध सबैखाले समस्या चुलिएको भन्दै यस्तो बेलामा आफूहरुले सत्तामा बसेकाहरुलाई खबरदारी गर्ने पनि साहले विश्वास दिलाए। लोकतन्त्रको लय गुमेको र व्यवस्था नै बरालिएको आभाष भएको भन्दै लोकतन्त्रलाई लयमा फर्काउन र बरालिएको व्यवस्थालाई व्यवस्थित् गर्नको लागि आफूहरुको हस्तक्षेपकारी भूमिका हुनेपनि साहले स्पष्ट पारे।

उनले रास्वपा नेतृत्वको सरकारले सही तवरले देशलाई नेतृत्व प्रदान गर्न नसकेको दाबी गरे। वालेन्द्र शाह नेतृत्वको सरकार नारा नयाँ दिएर उदाएको भएपनि जनताको आकांक्षा पूरा गर्न चुकेको साहको आरोप छ। उनले वर्तमान सरकारले डेभलप्मेन्टको नारा दिएपनि ग्याँसलगायतका सामान्य डेलिभरी पनि दिन नसकेको भन्दै आलोचना गरे। रास्वपाभित्र चुलिएको शक्ति संघर्ष, प्रधानमन्त्रीको कार्यशैली र मन्त्रीहरुको प्रस्तुतिले पनि सरकार एकपछि अर्को गरेर आलोचनाको केन्द्र बनेको भन्दै प्रधानमन्त्रीलाई तत्काल कार्यशैली सुधार गर्न उनको सुझाव थियो। एक सय दिनको कार्ययोजना प्रस्तुत गर्दासम्म प्रधानमन्त्री वालेन्द्र शाकको वाहवाही भएको भएपनि सरकारको तर्फबाट नीति तथा कार्यक्रम आउँदा र बजेट आईपुग्दासम्म एकाएक प्रधानमन्त्रीको लोकप्रियतामा ह्रास आएको उल्लेख गर्दै उनले प्रधानमन्त्रीलाई अर्थमन्त्रीले नै असहयोग गरेको हो कि भन्ने प्रश्न उब्जिएको बताए।

संघीयता, समानुपातिक समावेशिताजस्ता उपलब्धि खोस्ने दुष्प्रयास गरे जनस्तरबाट प्रतिकार हुने उनको चेतावनी छ। मोर्चा सत्ता प्राप्तिको लागि नभएर केवल देश र जनताको पक्षमा उभिन र संघर्षको मैदानमा खडा हुन गठन गरिएको साहले स्पष्ट पारे। पछिल्लो समय देशको आन्तरिक एकता, सामाजिक तथा धार्मिक सद्भाव बिथोल्ने षड्यन्त्र भएको भन्दै ती सबै षड्यन्त्रलाई चिर्नपनि मोर्चाले अग्रणी भूमिका खेल्ने साहको भनाई छ।

## सीमा अपराध नियन्त्रणमा नेपाल–भारतबीच

# संयुक्त गस्ती र सूचना आदानप्रदान बढाउने सहमति

**मधेशदृष्टि**
**जनकपुरधाम।**
नेपाल र भारतका सुरक्षा अधिकारीबीच सीमा सुरक्षा तथा सीमापार अपराध नियन्त्रणलाई थप प्रभावकारी बनाउने विषयमा महोत्तरीको सदरमुकाम जलेश्वरमा समन्वयात्मक बैठक सम्पन्न भएको छ।

शनिबार सम्पन्न बैठकमा महोत्तरी, सर्लाही र रौतटका प्रमुख जिल्ला अधिकारी तथा भारतको सीतामढी जिल्लाका सुरक्षा अधिकारी सहभागी थिए। बैठकमा सीमा सुरक्षा, अपराध नियन्त्रण तथा रोकथाम, लागूऔषध नियन्त्रण, सीमा स्तम्भको संरक्षण तथा मर्मतसम्भार, अवैध हातहतियारको ओसारपसार र मानव तस्करीलगायत सीमा क्षेत्रमा हुने आपराधिक गतिविधिबारे विस्तृत छलफल भएको महोत्तरीका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले जानकारी दिए।

बैठकले सीमा क्षेत्रमा हुने आपराधिक गतिविधि नियन्त्रणका लागि नेपाल र भारतका सुरक्षाकर्मीले गर्दै आएको संयुक्त गस्तीलाई थप विस्तार गर्ने सहमति गरेको छ। साथै, सीमा क्षेत्रमा हुने आपराधिक घटनाबारे दुवै पक्षबीच तत्काल सूचना आदानप्रदान गर्ने तथा नियमित समन्वयलाई निरन्तरता दिने निर्णय भएको जनाइएको छ। सीमा क्षेत्रमा देखिने सुरक्षा चुनौतीलाई दुवै देशका सुरक्षा निकायबीचको समन्वयमार्फत समाधान गर्दै सीमापार अपराध नियन्त्रणमा थप प्रभावकारी कदम चाल्ने



विषयमा पनि छलफल भएको थियो।

भारतको सीतामढीका डिस्ट्रिक्ट मजिस्ट्रेट तनय सुलतानियाले सीमा सुरक्षामा दुवै देशका सुरक्षाकर्मीले गर्दै आएको सहकार्य र सक्रियताको प्रशंसा गरे।

उनले सीमा स्तम्भको संरक्षण, रेखदेख तथा आवश्यक मर्मतसम्भारसँगै सीमा क्षेत्रमा हुने अपराध र मानव तस्करी नियन्त्रणका लागि सूचना आदानप्रदानलाई थप प्रभावकारी बनाउनुपर्नेमा जोड दिए। बैठकमा सीमा क्षेत्रमा हुने अवैध गतिविधि नियन्त्रणका लागि नियमित समन्वय, संयुक्त गस्ती र सूचनाको आदानप्रदानलाई निरन्तरता दिने विषयमा समेत सहमति भएको छ। नेपाल र भारतबीचको खुला सीमाका कारण सीमा क्षेत्रमा हुने लागूऔषध, मानव तस्करी, अवैध हातहतियार ओसारपसारलगायतका गतिविधि नियन्त्रण गर्न दुवै देशका सुरक्षा निकायबीचको सहकार्यलाई थप प्रभावकारी बनाउनेमा बैठकले जोड दिएको थियो।

बैठकमा महोत्तरीका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादव, सर्लाहीका प्रमुख जिल्ला अधिकारी विजयराज सुवेदी, रौतहटका प्रमुख जिल्ला अधिकारी दिनेश सागर, सीतामढीका डिस्ट्रिक्ट मजिस्ट्रेट तनय सुलतानिया र सीतामढीका सुपरीटेण्डेण्ट अफ पुलिस अमित रञ्जनसहित दुवै देशका सुरक्षा अधिकारीको सहभागिता थियो। समन्वयात्मक बैठकले आगामी दिनमा नेपाल–भारत सीमा क्षेत्रमा सुरक्षा व्यवस्था थप मजबुत बनाउन तथा सीमापार अपराध नियन्त्रणमा दुवै देशका सुरक्षा निकायबीचको सहकार्य बढाउन महत्वपूर्ण सहयोग पुग्ने विश्वास व्यक्त गरिएको छ।

## अवैध रूपमा मल र खैनी ल्याउँदै गरेका

# दुई नेपाली भारतीय एसएसबीको नियन्त्रणमा

**मधेशदृष्टि**
**जनकपुरधाम।**
भारतबाट नेपालतर्फ अवैध रूपमा युरिया मल र खैनी ल्याउँदै गरेको आरोपमा भारतीय सशस्त्र सीमा बल (एसएसबी) ले दुई नेपाली नागरिकलाई पक्राउ गरेको छ। भारतको बिहारस्थित पूर्वी चम्पारण जिल्लाको सीमावर्ती क्षेत्रमा एसएसबीको ७१औँ वाहिनीले गरेको कारबाहीका क्रममा ८ सय ५५ किलो युरिया मल, ५० किलो खैनी र चारवटा साइकलसहित दुई जनालाई नियन्त्रणमा लिएको हो।

पक्राउ पर्नेमा बाराको सिम्रौनगढ नगर क्षेत्रका १८ वर्षीय आदित्य नारायण मुखिया र १९ वर्षीय अमिरखा मुखिया रहेका छन्। उनीहरूलाई सीमा स्तम्भ नम्बर ३६० बाट करिब २ सय मिटर भारततर्फ नियन्त्रणमा लिइएको एसएसबीले जनाएको छ।



यस्तै, सोही सीमाक्षेत्रको बडहरवा बोर्डरमा एसएसबीले गरेको अर्को कारबाहीमा २४ बोरा युरिया मल, एउटा मोटरसाइकल र चारवटा साइकल बरामद गरेको छ। सुरक्षाकर्मीलाई देखेपछि सामान छाडेर भाग्न खोजेका व्यक्तिहरूमध्ये पिछा गर्ने क्रममा भारतीय नागरिक गोपाल राय पक्राउ परेका छन्।

पक्राउ परेका व्यक्तिहरू तथा बरामद सामग्रीलाई आवश्यक कानुनी कारबाहीका लागि सीमा शुल्क कार्यालय मोतिहारीमा बुझाइएको एसएसबीले जनाएको छ। सीमावर्ती क्षेत्रमा मललगायत विभिन्न सामग्रीको अवैध ओसारपसार बढेपछि भारतीय सुरक्षाकर्मीले निगरानी र चेकजाँचलाई थप कडाइ गरेको जनाइएको छ।

## हेटौँडा कपडा उद्योग संचालका लागि

# सरकारले आवश्यक लगानी गर्नेः मन्त्री यादव



**मधेशदृष्टि**
**हेटौँडा।**
उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री गौरीकुमारी यादवले लामो समयदेखि बन्द रहेको हेटौँडा कपडा उद्योग सञ्चालनका लागि सरकारले आवश्यक लगानी गर्ने बताएकी छन्। शनिबार बिहान हेटौँडा उपमहानगरपालिका–८ स्थित हेटौँडा कपडा उद्योगको निरीक्षण गर्दै मन्त्री यादवले उद्योग कुन 'मोडालिटी'मा सञ्चालन गर्ने भन्ने विषयमा छलफल भइरहेको जानकारी दिइन्।

सरकारले कपडा उद्योगसहित बन्द अवस्थामा रहेका अन्य उद्योगसमेत पुनः सञ्चालन गर्ने तयारी गरिरहेको उनले बताइन्। निरीक्षणका क्रममा मन्त्री यादवले नेपाली सेनाका अधिकृतहरूसँग उद्योगको पूर्वाधारको अवस्था, मेसिनको स्थिति तथा उद्योग सञ्चालनका सम्भावनाबारे जानकारी लिएकी थिइन्। उद्योग सञ्चालनमा देखिएका चुनौती, उत्पादन वृद्धि तथा रोजगारी सिर्जनाका सम्भावनाबारे पनि सरोकारवालासँग छलफल गरिएको थियो।

निरीक्षण टोलीलाई उद्योगमा रहेका ४८८ वटा मेसिनमध्ये हाल १२ वटा मात्र सञ्चालनमा रहेको जानकारी गराइएको थियो। निरीक्षण टोलीमा प्रमुख जिल्ला अधिकारी वसन्तराज अधिकारी, नेपाली सेनाका प्रमुख सेनानी रुपेन शाक्य तथा हेटौँडा औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयकी व्यवस्थापक संगिता क्वुरलगायत सहभागी थिए।

## महिलाको कन्याजालीको अवस्थालाई मात्रै

# बलात्कारको निर्णायक प्रमाण मान्न सकिँदैनः सर्वोच्च



**मधेशदृष्टि**
**काठमाडौँ।**
सर्वोच्च अदालतले बलात्कार तथा यौन हिंसाका घटनामा महिलाको कन्याजालीको अवस्थालाई मात्रै बलात्कार वा सहमतिको यौनसम्पर्कको निर्णायक प्रमाण मान्न नसकिने स्पष्ट व्याख्या गर्दै नयाँ नजिर स्थापित गरेको छ।

अदालतले यौन अपराधका मुद्दामा पीडितको 'कौमार्य परीक्षण' गर्ने परम्परागत र अवैज्ञानिक दृष्टिकोणलाई खारेज गर्दै यसलाई फरेन्सिक प्रमाणको सीमित आधारका रूपमा मात्र लिनुपर्ने सिद्धान्त प्रतिपादन गरेको हो। कन्याजाली अक्षत रहँदैमा बलात्कार नभएको वा च्यातिएको देखिँदैमा सहमतिमै यौनसम्पर्क भएको निष्कर्ष निकाल्न नमिल्ने सर्वोच्चको ठहर छ।

फरेन्सिक परीक्षणको उद्देश्य 'कुमारी' हो–होइन जाँच्नु नभई घटनासँग सम्बन्धित शारीरिक चोट र जैविक संकेतको वैज्ञानिक अभिलेख राख्नु मात्र भएको फैसलाको पूर्णपाठमा उल्लेख छ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन